नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ४३१

मिति:२०८२/०३/१०

नेपाल संवत् ११४५

विषयः- डेंगी लगायत मनसुनजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा को प.सं. २०८१/०८२, च.नं. १३३, मिति २०८२/०३/०२ को डेंगी लगायत मनसुनजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, रामशाहपथ, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

6/24/25, 1:19 PM

~ (2550×3508)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा
प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा

फोन: ४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

रामशाहपथ
काठमाडौं, नेपाल

पत्र संख्या: २०८१/८२
च.न.: ९३३

मिति:२०८२/३/२
ने.स. ११४५ तछलागा ५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(स्थानीय तह समन्वय शाखा)
सिंहदरबार, काठमाडौ ।

विषयः आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको प.स.२०८११/८२, च.न.१९५४, मिति २०८२/२/२७ गतेको डेंगी लगायत मनसुनजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि स्थानीय तहहरुलाइ पत्राचार गरिदिने सम्वन्धमा लेखि आएको छ । पत्रमा चालु आर्थिक वर्षको विगत ६ महिनामा देशका ७२ जिल्लाबाट डेंगी संक्रमितको प्रतिवेदन प्राप्त भईसकेको र मनसुनको आगमन संगै डेंगी संक्रमणको संख्यामा थप बृद्दि हुने आंकलन गरिएकोले सोको पूर्वतयारी तथा प्रतिकार्यका लागि मिति २०८२ जेष्ठ २३ मा बसेको संघीय द्रुत प्रतिकार्य समितिको निर्णय एवम् स्वास्थ्य सेवा विभागबाट स्वीकृत "डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना, २०८१" बमोजिम निर्दिष्ट गरिएका तपसिल बमोजिमका क्रियाकलापहरू संचालन गरि सहयोग गरिदिने सम्वन्धमा अनुरोध भइ आएको हुँदा उक्त क्रियाकलापहरु सञ्चालनको लागि तहाँ मन्त्रालयमार्फत सवै स्थानीय तहहरुमा पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

तपसिलः

१. स्थानीय द्रुत प्रतिकार्य समिति, टोली, तथा अस्पतालहरुलाई सम्भावित डेंगी प्रकोपको रोकथाम तथा नियन्त्रणका लागि तयारी अवस्थामा राख्ने, आवश्यकता अनुसार ज्वरोका विरामीहरुको चाँप बढेको अवस्थामा ज्वरो क्लिनिक/वार्ड संचालन तथा व्यवस्थापन गर्ने/गराउने।

२. डेंगी सचेतना सम्वन्धी सूचनाको सम्प्रेषण स्थानीय रेडियो, टेलिभिजन, अन्य आम संचार माध्यम तथा सामाजिक संजालबाट निरन्तर प्रवाह गर्ने।

३. आमा समुह, टोल विकास संस्था, म.स्वा.स्व.से तथा सामाजिक संघ संस्थाको सहयोग/सहकार्यमा घर वरिपरी तथा कार्यस्थल, निर्माणाधीन भवन, अव्यवस्थित ग्यारेज तथा कवाडीखानामा फालिएका टायरहरु, ड्रम, खाली बट्टा लगायत पानी जमेको र लामखुट्टेको वृद्धि विकास हुने अन्य स्थानहरूको निरन्तर निगरानी गर्ने।

४. लामखुट्टेको वासस्थान, लार्भा खोज तथा नष्ट गर्ने अभियान कम्तिमा हप्ताको १ पटक लगातार कार्तिक महिनासम्म संचालन गर्ने।

५. डेंगी रोग सम्वन्धी सचेतनाका लागि बिद्यालयमा आधारित कार्यक्रमहरू संचालन गर्ने।

६. निजी तथा सरकारी अस्पताल, स्वास्थ्य संस्थाबाट डेंगी विरामीहरुको पूर्ण विवरण इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाले तयार गरेको ढाँचामा नियमित प्रतिवेदन गर्ने।

पवित्रा ढकाल ३/२
शाखा अधिकृत

ईमेल: plhcs.hcdmohp@gmail.com, वेव साईट: www.mohp.gov.np

https://mail.nepal.gov.np/service/home/~/?auth=co&loc=en_US&id=21332&part=2